नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०७२/७३ - १०
चलानी नं. : २९१

## प्रेस विज्ञप्ति

आज मिति २०७२/०५/०९ गते सिडिएस एण्ड क्लियरिङ्ग लि. (सिडिएससि) को आ.व. २०६९/७० र आ.व. २०७०/७१ को तेस्रो तथा चौथो वार्षिक साधारण सभा सम्पन्न भयो । कम्पनी ऐन, २०६३ को दफा ७४ अनुसार साधारण सभाको अध्यक्षता संचालक समतिका अध्यक्ष श्री सिताराम थपलियाज्यूले गर्नु भएको थियो । सभामा लेखा परीक्षकले प्रमाणित गरेको आर्थिक प्रतिवेदन अनुसार आ.व.२०६८/६९ मा रु.१,४३,५३,१४३।- (अक्षरेपि एक करोड त्रिचालीस लाख त्रिपन्ह हजार एक सय त्रिचालीस रुपैयाँ मात्र) आम्दानी गरेकोमा आ.व.२०६९/७० मा १०.२५ प्रतिशतले बृद्धि भई रु.१,५८,२३,८२९।- (अक्षरेपि एक करोड अन्ठाउन्न लाख तेईस हजार आठ सय उनान्तीस रुपैयाँ मात्र) आय गर्न सफल भयो भने आ.व.२०७०/७१ मा आ.व.२०६९/७० को तुलनामा ६७.८३ प्रतिशतले बृद्धि भई रु.२,६५,५६,६५०।- (अक्षरेपि दुई करोड पैंसठी लाख छपन्न हजार छ सय पचास रुपैयाँ मात्र) पुग्न गएको छ ।

त्यसैगरी खर्च तर्फ आ.व.२०६८/६९ मा रु.२,०८,५५,९५४।- (अक्षरेपि दुई करोड आठ लाख पचपन्न हजार नौ सय चौवन्न रुपैयाँ मात्र) खर्च भएकोमा आ.व.२०६९/७० मा खर्च बढ्न गई रु.७,७८,७१,४५७।- (अक्षरेपि सात करोड अठहत्तर लाख एकहत्तर हजार चार सय सन्ताउन्न रुपैयाँ मात्र) पुग्न गएकोले नोक्सान रकम पनि आ.व.२०६८/६९ मा रु.६५,०२,८११।- (अक्षरेपि पैंसठी लाख दुई हजार आठ सय एघार रुपैयाँ मात्र) बाट बढेर आ.व.२०६९/७० मा रु.६,२०,४७,६२८।- ( अक्षरेपि छ करोड बीस लाख सतचालीस हजार छ सय अठाईस रुपैयाँ मात्र) पुग्न गएको छ । त्यसैगरी आ.व.२०७०/७१ मा रु.६,३९,०९,२८४।- (अक्षरेपि छ करोड उनन्चालीस लाख नौ हजार दुई सय चौरासी रुपैयाँ मात्र) खर्च भएकोले खुद नोक्सान रु.३,७३,५२,६३४।- (अक्षरेपि तीन करोड त्रिहत्तर लाख बाउन्न हजार छ सय चौतीस रुपैयाँ मात्र) पुग्नाले समीक्षा अवधि सम्म कूल रु.१०,५९,४२,०३०।- (अक्षरेपि दश करोड उनन्साठी लाख बयालीस हजार तीस रुपैयाँ मात्र) संचीत नोक्सान रहेको छ ।

त्यसै गरी आ.व. २०६९/७० मा नेपाल धितोपत्र बोर्डमा दर्ता भई नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकृत भएका १२ वटा कम्पनीहरु, आ.व. २०७०/०७१ मा ४ वटा, २०७१/०७२ मा ९४ वटा र २०७२/०७३ को समीक्षा अवधि सम्म जम्मा ११० वटा कम्पनीहरुले आ-आफ्नो साधारण शेयर अभौतिकृत गराएका छन् । आ.व. २०६९/७० मा ३७९ जना, आ.व. २०७०/७१ मा २५६ जना, आ.व. २०७१/७२ मा ४०,४०० जना र आ.व. २०७२/७३ को समीक्षा अवधिसम्म कूल ४३,८०४ जनाले डिम्याट् खाता खोलेका छन् । मिति २०७२ भाद्र ०९ गतेको प्रतिवेदन अनुसार ६३,८४३ जनाले डिम्याट् खाता खोलेका छन् ।

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

# CDS and Clearing Limited

CDS
and
Clearing Ltd.

पत्र संख्या : २०७२/७३ - १०
चलानी नं. : २९१

आ.व. २०६९/०७० मा ६,७८० कित्ता, आ.व. २०७०/०७१ मा २,४६५ प्रतिशतले बृद्धि भई १,७३,९०६ कित्ता, आ.व. २०७१/०७२ मा २८,१२५.२० प्रतिशतले बृद्धि भई ४,५०,८५,३१४ कित्ता पुगेको छ भने आ.व. २०७२/०७३ को समीक्षा अवधि सम्म अभौतिकीकरण गरिएका धितोपत्र संख्या ४,८५,९३,२२० पुगेको र सो मा अघिल्लो आ.व. को तुलनामा ७.७८ प्रतिशतले बृद्धि भएको छ । मिति २०७३/०५/०९ गतेको प्रतिवेदन अनुसार ७,५५,४५,२१० कित्ता शेयर अभौतिकीकरण गरिएको छ ।

मिति : २०७२/०५/०९

तेस्रो तल्ला, शिखर बिज सेन्टर, थापाथली, काठमाडौं, नेपाल ।
Third Floor, Shikhar Biz Centre, Thapathali, Kathmandu, Nepal.
Tel.: 977-1-4101593, Fax: 977-1-4101597
Website: www.cdscnp.com